
निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com



PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com





अधिकृत बिक्रेता:
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०



❖ वर्ष ३५ ❖ २०७९ असार ०३ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 June 17 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २८९


## प्रदेश सरकारका महत्त्वाकाङ्क्षी योजना असफल हुँदै

प्रस, वीरगंज, २ असार/

सङ्घ तथा प्रदेश सरकारको महत्त्वाकाङ्क्षी योजना जनता आवास कार्यक्रम दुवै तहका सरकारको हेलचेक्र्याइँका कारण अलपत्र बनेको छ।

२०७३ सालदेखि देशभर लागू भएको यो योजना अन्तर्गत बारा, पर्सा, रौतहटका सयौं दलित पक्की घरको बन्ने लालसामा परी आफ्नो भएको फुसको घर भत्काएर छ वर्षदेखि अलपत्र बनेका छन्।

अधिकांश दलित आफ्नो घर भत्काएर खुल्ला आकाशमुनि बस्न बाध्य छन्। कोही छिमेकीको घरमा भाडा लिएर बसिरहेका छन् भने अधिकांश अहिलेसम्म त्रिपालको भरमा जीवन गुजारिरहेका छन्। तर सरकारले केही गर्न सकेको छैन। बनेका घरहरू पनि व्यापक भ्रष्टाचारका कारण भत्कन थालिसकेका छन्। कर्मचारीको लापरवाही तथा सरकारले रकम उपलब्ध नगराउँदा घरको निर्माण कार्य रोकिएको छ।


तस्वीर: प्रतीक/फाइल



प्रदेश सरकारको शहरी विकास तथा भवन कार्यालयका प्रमुख रुद्र दासले दिएको जानकारी अनुसार पर्सामा ३२ करोड, रौतहटमा ६६ करोड तथा बारामा ४५ करोड ७७ लाख रुपैयाँ अपुग रहेको छ। बर्सेनि सरकारले कार्ययोजनामा नयाँ घर बनाउने सङ्ख्या थप्दै जाने तर रकम नपठाउने गरेको कारण सबै काम रोकिएको दासको भनाइ थियो। आर्थिक वर्ष २०७८/७९ मा पर्सामा १२ करोड, बारामा १५ करोड ४० लाख, रौतहटमा २३ करोड ७५ लाख रकम पठाए पनि विवादका कारण अहिलेसम्म कुनै पनि नयाँ घरको सम्झौता गर्न नसकिएको प्रमुख दासको भनाइ थियो। घर बनाइसकेकाहरूले अहिलेसम्म पूर्ण रकम नपाएको र अर्कोतिर नयाँ घर निर्माणको लागि सम्झौता गरेपछि झन् समस्या थपिएको उनले बताए। सङ्घदेखि प्रदेशसम्म पुरानो भुक्तानीको लागि रकम माग गर्दैमा आफू थाकिसकेको उनको भनाइ थियो। आर्थिक वर्ष २०७७/७८ मा बारामा ८८५ घरमध्ये ३०, पर्सामा १२ सय घरमध्ये ७८६ तथा रौतहटमा १४१० घरमध्ये ७०४ घरको निर्माण कार्य सम्पन्न भएको थियो।

## पर्साका मिटर ब्याजीमा हल्लीखल्ली प्रहरीको सहयोग कि असहयोग

प्रस, वीरगंज, २ असार/

जिल्ला सुरक्षा समिति, पर्साको बैठकले केही दिनअगाडि निर्णय गरी प्रलोभनमा परी कतिपय ऋणीहरूलाई थुनेर रकम फिर्ता गराएको घटना सार्वजनिक भइसकेका छन्। स्रोतका




मिटर ब्याजीलाई खोज्न पर्साका सबै प्रहरी एकाइमा पत्राचार गरेपछि अहिले गाँउदेखि शहरसम्म हडकम्प मचेको छ।

गृह मन्त्रालयले देशका सबै जिल्लामा मिटर ब्याजीहरूलाई तह लगाउने उद्देश्यले मन्त्रिपरिषद्को निर्णय पठाएपछि पर्सामा पनि सोही पत्रको आधारमा सुरक्षा समितिले निर्णय गरेको प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बताए।

अहिलेसम्म मिटर ब्याजी को हो भन्ने लिखित उजूरी नआएको प्रजिअ ढकालले बताए। मिटर ब्याजीको कारण गरीब निमुखा जनता मारमा परेको, उचित मुनाफा लिनुको साटो अत्यधिक नाफा असुल गरेको र सोही कारणले ऋणीहरूको सामूहिक आत्महत्याका घटनालगायत अन्य विभिन्न किसिमका आपराधिक क्रियाकलापमा संलग्नता बढ्दै गएपछि नेपाल सरकारले देशभरिका सुरक्षा निकायलाई मिटर ब्याजीको खोजी कार्य गर्न निर्देशन गरेको प्रजिअ ढकालले बताए।

हामीलाई प्राप्त जानकारी अनुसार पर्साका सबै मिटर ब्याजी प्रहरी सम्पर्कमैं रहेका छन्। अहिले पनि पर्सा प्रहरीले मिटर ब्याजीहरूलाई विभिन्न बहानामा कारबाहीको सट्टा सहयोग गर्दै आएको छ।

स्रोतका अनुसार जिल्ला प्रहरी कार्यालय, पर्सामा चेक बाउन्सको नाममा परेका उजूरीमध्ये ९० प्रतिशत उजूरी मिटर ब्याजीहरूको हुने गरेको छ।

मिटर ब्याजीहरूले मिटर ब्याजमा दिएको पैसाको प्रत्याभूतिका लागि खाली चेक लिने गरेको र तोकिएको समयमा ऋणको साँवा र ब्याज नतिर्दा आफूखुशी रकम भरेर चेक बाउन्स गराइ प्रहरीमार्फत कारबाई प्रक्रिया अगाडि बढाउँछन्।

मिटर ब्याजीको पक्षमा प्रहरी अनुसार पर्सा प्रहरीले एकातिर मिटर ब्याजीविरुद्ध उजूरी दिन सार्वजनिक सूचना जारी गर्ने र अर्कोतिर सर्वसाधारणले नबुझ्ने गरी मिटर ब्याजीहरूलाई सहयोग गर्दै आएको स्रोतको भनाइ छ।

चेक बाउन्सको रकम फिर्ता गराउन पर्सा प्रहरीमा एक समूह नै सक्रिय छ, जसले आर्थिक प्रलोभनमा परी कतिपयलाई बेघरसमेत बनाइसकेको छ। त्यतिमात्र होइन, मिटर ब्याजीको पक्षमा प्रहरी कारबाईको लागि अग्रसर हुने तर ऋणीको पक्षमा उल्टै मुद्दा दर्ता गरी दु:ख दिने गरेको स्रोतको भनाइ छ।

यस विषयमा जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालसँग बुझ्दा उनले गत वर्षदेखि अहिलेसम्म तीन सयको हाराहारीमा चेक बाउन्सको मुद्दा परेको बताए। चेक बाउन्सको उजूरी आउने बित्तिकै कानून अनुसार मुद्दा दर्ता नगरी पहिला अनुसन्धान गरी मुद्दा दर्ता हुने गरेको बताए। उनीहरू मिटर ब्याजी हुन् कि होइनन् पीडितले भन्नुपर्‍यो प्रनाउ खनालको भनाइ थियो। कुनै कामको लागि रकम लिएबापत ऋणीले सदा चेक दिने गरेको र पछि साहुले आफूखुशी रकम भरेर चेक बाउन्स गराइ रकम असुलको लागि निवेदन दिने गरेको घटना बढ्दै गएपछि प्रनाउ खनालले उजूरी परेपछि छलफल गराउने तर थुनेर रकम असुल नगराएको उनले दाबी थियो। लकडाउनका कारण व्यापारमा अत्यधिक घाटा भएपछि धनीसँग चर्को ब्याजमा रकम लिएका ऋणीहरूले ऋण चुक्ता गरेको देखिन्छ। समयमा रकम बुझाउन नसक्दा एक्कासि मुद्दाको सङ्ख्या वृद्धि हुँदा पर्सा प्रहरी पूर्वप्रमुख गङ्गा पन्तले चेक बाउन्सको उजूरी लिए पनि दर्तामा रोक लगाएकी थिइन्।

## ठूला दलका नेताहरू राजनीतिकरूपमा इमानदार छैनन् –मुख्यमन्त्री गद्दी

प्रस, निजगढ, २ जेठ/

ठूला राजनीतिक दलका नेताहरूमा इमानदारिता नभएकै कारण निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि अनेक समस्या आएको मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दीले बताए।

बाराको निजगढमा बिहीवार आयोजित मुख्यमन्त्रीसँग निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणबारे साक्षात्कार कार्यक्रममा मन्तव्य राख्दै मुख्यमन्त्री गद्दीले सो आरोप लगाएका हुन्। निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि अन्य कहींकतै विकल्प नभएको बताउँदै उनले सर्वोच्च अदालतको पूर्ण पाठमा सकारात्मक निर्णय आउनेमा आफू आशावादी रहेको बताए।



तस्वीर: जीतलाल श्रेष्ठ

करीब अढाई दशकदेखि टाँगियाबस्तीमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण हुने भनिए पनि सर्वोच्च अदालतको अन्यत्र स्थान परिवर्तन गर्नुपर्ने निर्णयले यस क्षेत्रका बासिन्दाको भावनामा ठेस लाग्नु, मन दुख्नु स्वाभाविक हो, मुख्यमन्त्री गद्दीले भने।

अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजना बारा वा मधेस प्रदेशको मात्र नभई समग्र मुलुककै भाग्य र भविष्यसँग जोडिएको महत्त्वपूर्ण राष्ट्रिय गौरवको आयोजना भएकोले यसको विकल्प अन्यत्र हुनै नसक्ने मुख्यमन्त्री गद्दीको भनाइ थियो। मुख्यमन्त्री गद्दीले सङ्घर्षको पक्षमा ऐक्यबद्धता जनाउँदै केहीबेर रिले अनशनमा समेत बसेका थिए।

राजमार्ग बन्दले मात्र तुरुन्तै सबै समस्या समाधान नहुने भन्दै उनले हामीले सर्वोच्च अदालतको पूर्ण पाठको प्रतीक्षा गर्नैपर्छ भने। त्यसपछि मात्र अन्य कार्य अघि बढाउनुपर्ने मुख्यमन्त्री गद्दीले धारणा राखेसँगै निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण यथाशीघ्र निर्माण गर्न माग राख्दै २० दिनदेखि दैनिक तीन घण्टा निरन्तर गरिएको सडक बन्द आज बिहीवारबाट स्थगित भएको सङ्घर्षरत समितिको तर्फबाट संयोजक एकबहादुर श्रेष्ठले घोषणा गर्दै रिले अनशन भने निरन्तर जारी रहने जानकारी गराए।

अहिले सडकमा सामान्य र थोरै सङ्ख्यामा नागरिक देखिए पनि अदालतले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल नबन्ने नियतले पूर्ण पाठ ल्याए सशक्तरूपमा आन्दोलन हुने संयोजक श्रेष्ठले चेतावनी दिए।

आफू बारा र यसै क्षेत्रको प्रदेश सांसद रहेकोले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्नुपर्ने पक्षमा आफू जहिल्यै पनि रहेको त्रिलोकी चौधरीले बताए। विभिन्न बहानामा विमानस्थल अन्यत्र सारिने हो भने यो षड्यन्त्रपूर्ण खेल भएको बुझ्नुपर्ने भन्दै उनले आवश्यक परे सङ्घर्षको बागडोर समाल्न आफू पछि नपर्ने प्रदेश सांसद चौधरीले बताए।

हामी अदालतको सम्मान गर्छौं। मुलुक र आम नागरिकको उन्नति, प्रगतिको बाधक बनेर अदालतले निर्णय गर्छ भने, त्यस्ता निर्णय कदापि मान्न नसकिने सङ्घर्षरत समितिका कोषाध्यक्ष विनोद भारतीले बताए।

जतिसक्दो चाँडो पूर्ण पाठ अदालतले ल्याउनुपर्‍यो। अन्यथा अहिले मुख्यमन्त्रीको आग्रहमा स्थगित गरिएको सडक बन्द अझै कडारूपमा ल्याउन बाध्य हुने उनले बताए।

कार्यक्रममा निजगढकी पूर्वउपप्रमुख लीलादेवी लामिछाने, महिला समाजसेवी सावित्री भारती, कोल्हवी सरोकार समितिका संयोजक ढुंडीराज उप्रेतीलगायतले मन्तव्य राखेका थिए।

सङ्घर्षरत निजगढ सार्वजनिक सरोकार समितिका संयोजक एकबहादुर श्रेष्ठको अध्यक्षतामा भएको सो कार्यक्रमको सञ्चालन स्वतन्त्र युवा तथा विद्यार्थी सरोकार समितिका संयोजक जयराम कुमरले गरेका थिए।

## चुरे दिवसमा ग्रीनसिटीद्वारा वृक्षारोपण

प्रस, वीरगंज, २ असार/

८औं चुरे दिवसको अवसरमा प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत ग्रीनसिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगर तथा राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समिति भरतपुर चितवनको संयुक्त आयोजनामा वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा आदर्शनगर क्षेत्रका खाली जग्गामा विभिन्न जातका बिरुवा रोपिएका थिए।

वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल, सप्रजिअ भीमकान्त पौडेल, भारतीय महावाणिज्यदूत नितेश कुमार, प्रहरी उपरीक्षक रमेशप्रसाद ढकाल, सप्रउ तेज पोखरेललगायतको सहभागिता थियो।



## विचारसार र सूक्तिहरू

**मानिसको जीवनमा सबैभन्दा सुखद क्षण त्यो हो, जब उसमा आफूले गर्न नसक्ने काम त्याग्ने साहस पैदा हुन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


## एसपिपी विवादले रन्काउँदै

**सरकारले जहिले पनि नेपाली नागरिकलाई विखण्डित पार्ने मात्र काम गर्ने गरेको छ । हिजो एमसिसी सम्झौताका बेला पनि आफूलाई अनभिज्ञ देखाएर देशभरि अन्योलको वातावरण बनाई अन्ततः एमसिसी पारित गरेको थियो । अहिले पनि त्यही अनुसारको एमपिपीसम्बन्धी कौतूहलले नेपाली जनता उद्वेलित हुन थालेको छ । एसपिसी अर्थात् स्टेट पार्टनरशिप प्रोग्राम । अमेरिकी पक्षले नेपालले सन् २०१५ र २०१७ मा दुईपटक एसपिपीको सदस्य बन्न निवेदन दिएको र अमेरिकाले सन् २०१९ मा सो प्रस्ताव स्वीकार पनि गरेर नेपाली सेना र अमेरिकाको युटाह नेशनल गार्डबीच समझदारी कायम भइसकेको जनाएको छ । एसपिपीमा सदस्यताका लागि नेपालले गरेको अनुरोध अमेरिकाले स्वीकार गर्नुले थप सम्झौता गरिरहनु आवश्यक नभएको बताएको छ । जबकि नेपालमा आज मात्र यसबारे चियोचर्चा र बहस आरम्भ भएको छ । नेपालको तर्फबाट अहिले आधिकारिक कुनै कुरा बाहिर आएको छैन, यसबाहेक कि नेपाली सेनाले एसपिपीसम्बन्धी कुनै पनि समझदारी नभएको र भविष्यमा पनि कसैसँग सैनिक साझेदारी नगर्ने बताएको छ ।**

**नेपालमा, संसद्मा, पार्टी कार्यालयहरूमा यस विषयमा चर्चा चलिरहँदा सरकार वा पार्टी नेता कसैले पनि यस्तो कुनै सम्झौता नभएको नै बताइरहेका छन्, सत्ताधारी दलका सांसदले नै पनि संसद्मा प्रधानमन्त्री स्वयं उपस्थित भएर यस विषयमा जानकारी दिने मागसमेत गरिसकेका छन् । तर अमेरिकी दाबी भने बेग्लै छ । यद्यपि अमेरिकी उपनियोगका प्रमुख म्यानुएल पी मिकलरले एसपिपी कुनै सैन्य गठबन्धन नभएको र सदस्य बन्नका लागि अमेरिकाले दबाब पनि नदिएको बताएका छन् । एसपिपी अन्तर्गत प्राकृतिक प्रकोप, विपद्, भूकम्प, बाढी, आगलागीजस्ता समस्यामा तुरून्त उद्धार गर्न दुई सेनाबीच सहकार्य हुने कुरा बताएका छन् । कुरा यही बल्झिएको देखिन्छ । दुई सेनाबीच सहकार्य हुनुको अर्थ हो नेपालमा अमेरिकी सेना बस्नुपर्छ । अन्यथा यस भेगमा नजीक कतै अमेरिकी अखाडा पनि छैन कि दैवी प्रकोपका बेला तुरून्त नेपाल आइपुगोस् । प्राकृतिक विपत्ति भनेर आउँदैन, तसर्थ त्यसको प्रतिकार तत्काल गरिहाल्नुपर्छ । पछि गर्ने काम त पीडितलाई दिने सहयोग मात्र हो । जसका लागि कुनै पनि देशसँग सम्झौता गरिहाल्नु जरूरी छैन । देशले बेलाबखत भूकम्प, बाढी-पहिरो, आगलागी, आँधी-तूफानजस्ता ठूला प्राकृतिक विपत्ति भोगेकै हो । आफ्नै क्षमताले र छिमेकी मुलुक, जहाँबाट त्वरित उद्धार कार्य सम्भव छ, भएको पनि हो । पछिपछि सकल दुनियाँले गच्छे अनुसार विभिन्न सहयोग उपलब्ध गराएका हुन् ।**

**एमसिसीजस्तै यस मामिलामा पनि नेपाली जनता दोधारमा परेको छ । सरकार हुँदै होइन भन्छ, एसपिपीको अस्तित्वलाई नै इन्कार गर्छ, अमेरिका भने सम्झौता सरह नै भएको मान्छ । को झूटो बोलिरहेको छ ? बितेको विवादलाई विचार गर्दा त नेपालले सम्झौता गरिसकेकै लाग्छ । सरकार भनेको जनताको विश्वास जितेर काम गर्ने ठाउँ हो । सरकारलाई एसपिपी के कारणले उचित लाग्यो, यो नभई देशले त्राण पाउने अवस्था थिएन भन्ने जनतालाई विश्वास दिलाएर पनि यो काम गर्न सक्दथ्यो । तर त्यस्तो त कुनै पनि सम्झौताका बखत भएको पाइँदैन । सरकारलाई जनतामाथि विश्वास छैन, तसर्थ जनताले पनि कहिले सरकारमाथि विश्वास गरेन । अनि सरकार लुकीलुकी सम्झौताहरू गर्ने र अन्तमा विवश भएर स्वीकार गर्ने परिपाटी नै बसिसकेको छ ।**

# अब ईश्वर होइन इसाको पढाइ हुने ?

स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com

**स्वेच्छाले कुनै धर्म त्याग गर्नु र अर्को धर्ममा प्रवेश गर्नुलाई व्यक्तिको अधिकार मानिन्छ तर बलपूर्वक अथवा लोभ दिएर धर्मपरिवर्तन गराउने अपराधको श्रेणीमा आउँछ । नेपालमा लोभ देखाएर धर्मपरिवर्तन गराउने काम भइरहेको छ ।**

नेपालका कतिपय लेखक, समीक्षक र विद्वान्हरू आफ्नो धर्म-संस्कृति धितो राखी पश्चिमेली सभ्यता, संस्कृति र मान्यता नेपालीहरूको टाउकोमा लाद्ने काम गरिरहेका छन् । चिप्लो कुरा गरेर, झूटो बोलेर, तथ्यहीन एवं तर्कहीन कुरा गरेर सत्ता प्रतिष्ठानसित टाँसिरहने मानसिकताका यस्ता पात्रहरूका कारण नै नेपाल आफ्नो गौरवशाली सभ्यता र संस्कृतिको विरासतबाट विमुख हुँदै गएको छ । हालै तल्लो कक्षाका निम्ति प्रकाशनमा ल्याइएका पुस्तकमा 'ई' बाट 'ईश्वर'को सट्टा 'इसा'को उच्चारण सिकाउने काम हुनु र त्यस पुस्तकका लेखक 'बाहुन' हुनुलाई घोर आपत्तिजनक एवं चिन्तनीय मान्नुपर्दछ । स्वयम् विदेशको आर्थिक लोभमा परिसकेका कुपात्रहरूले नेपालको भावी पुस्तालाई नै इसाईकरणको दिशामा लग्ने प्रयास गर्नु चिन्ताजनक विषय हो । सरकारले विना कुनै सोचविचार त्यस्ता पुस्तकको प्रकाशन र वितरणमाथि रोक लगाउनुपर्छ । नेपाल सरकारको तलबभत्ता सुविधा लिएर इसाई धर्मको प्रचारमा लागेका व्यक्तिबाट नेपाल सरकारले सम्पूर्ण आर्थिक क्षतिको भरपाई गराउन लगाउनुपर्दछ । एक किसिमले यो राष्ट्रद्रोह हो ।

विश्वको एकमात्र हिन्दू राष्ट्रको पहिचान बनाएको र विश्वभरिकै एक खर्बभन्दा बढी हिन्दूहरूको आस्था एवं विश्वासको केन्द्र रहेको नेपाललाई आफ्नो पहिचान समाप्त पारी धर्मनिरपेक्ष चरित्रलाई वरण गर्न बाध्य पारिएपश्चात्का १५ वर्षमा नेपालमा इसाई मिसिनरीहरूको सक्रियतामा व्यापकता आएको छ । टोल-टोलमा चर्चहरू खुल्न थालेका छन् तथा हिजोसम्म मन्दिरका पुजारी रहेकाहरूका सन्तान अब आफूलाई फादर भन्न रुचाइरहेका छन् । नेपालका प्रायः सबैजसो राजनीतिक दलका नेताहरू विदेशी इसाई मिसिनरीबाट प्रभावित तथा आकर्षित देखिन्छन् । ८१ प्रतिशत हिन्दू, १३ प्रतिशत बौद्ध र ३ प्रतिशत किराँत धर्म मान्नेहरूमाथि बलजफ्तीपूर्वक नेपालमा धर्मनिरपेक्षताको असहज भारी लाद्ने काम भएको हो । ओमकार परिवार नेपालका इस्लाम धर्मावलम्बीहरूले पनि धर्मनिरपेक्षताको माग गरेका थिएनन् । दशकौंसम्म अन्तर्राष्ट्रिय र विदेशी गैरसरकारी संस्थाको सम्पर्कमा रहेका नेपालका राजनीतिज्ञहरूले करोडौं रुपियाँ आर्जन गरेका थिए । विदेशीहरू किन यति बढी रकम नेपालमा लगानी गरिरहेका थिए, त्यसको अनुभूति यिनलाई भएन । जनआन्दोलन-२ को सफलतापश्चात् विनाकारण धर्मनिरपेक्षता स्वीकार गर्नु यसैको परिणाम थियो ।

युरोपबाट दक्षिण अफ्रिकामा आप्रवासनका निम्ति पुगेका गोरा जातिहरूको सम्बन्धमा विश्वविख्यात दक्षिण अफ्रिकी क्रिश्चियन विशप डेसमन्ड टुटुले एकपटक सुनाएको कथाबाट पनि हाम्रो आँखा खुल्नुपर्ने हो । यसै महीनामा अमरत्व प्राप्त गरेका उनले एकपटक भनेका थिए कि गोराहरू (इसाई धर्मावलम्बीहरू) दक्षिण अफ्रिकामा प्रवेश गर्नुभन्दापूर्व त्यहाँका जग्गा-जमीन र संसाधनहरूमाथि केवल रैथाने कालाहरूको मात्रै वर्चस्व र स्वामित्व थियो तर हातमा बाइबल बोकेर हाम्रो भूमिमा शरण लिन पुगेका उनीहरूले तिम्रो र हाम्रो साझा कल्याण, उत्थान एवं आर्थिक प्रगतिको निम्ति ईश्वरसँग प्रार्थना गरौं भन्दै हामी एकै साथ मिलेर आँखा बन्द गरी प्रार्थना गर्न थाल्यौं । आँखा खुल्दा त उनीहरूको हातमा रहेको बाइबल हाम्रो हातमा आएपछि हाम्रा भूमि एवं संसाधनहरू उनीहरूको हातमा पुगिसकेको थियो । यसको अर्थ इसाईहरूले बाइबललाई साम्राज्यवादको यन्त्रको रूपमा उपयोग गर्ने गर्दछन् । दक्षिण अफ्रिकालगायत अनेकौं अफ्रिकी देशहरूले भोगेको यस्तो हबिगत नेपालले पनि भोग्नुपर्दैन के ग्यारेन्टी छ ? शायद त्यही भएर श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहले इसाई पादरीलाई नेपालबाट देश निकाला गरेका थिए । नेपालमा राजतन्त्र हुँदासम्म हिन्दू धर्म-संस्कृतिमाथि प्रहार भएन । देशका राजनीतिक दलहरूले हिन्दू धर्म र राजसंस्थालाई एक अर्काको पर्याय ठानी रिस एवं प्रतिशोधले धर्मनिरपेक्षता ल्याएर ठूलै गलती गरे ।

नेपाली जनताको गरीबी, अशिक्षा र पछौटेपनको नाजायज लाभ उठाइ तिनको धर्मपरिवर्तन गराउनेहरूमाथि समयमैं कारबाही गरिएको भए नेपालमा धर्मनिरपेक्षताको घटनाले यति बढी व्याख्यता पाउने थिएन । फिलिपिन्सको युनिफिकेशन चर्चको प्रमुखबाट 'होली वाइन' ग्रहण गरेर आशीर्वाद थाप्ने हाम्रा देशका कतिपय नेताहरूले पनि नेपाली हिन्दूहरूको मनोबललाई कमजोर र धर्मपरिवर्तन गरेकाहरूको मनोबललाई बढाउने काम गरिरहेका छन । नेपालका इसाईहरूले पशुपतिनाथ मन्दिरको परिसरमा श्मशानघाटको निम्ति जग्गाको हकदाबी गर्नु यसको ठूलो प्रमाण हो । आफ्नो मौलिक धर्मलाई परित्याग गरी नयाँ धर्मलाई आत्मसात् गर्नेहरूले नयाँ धर्ममा समुचित मानसम्मान र स्थान पाउन सकेका छैनन् । नेपालका इसाईहरूले त अहिलेसम्म आफ्नो नयाँ नाम पनि पाउन सकेका छैनन । यस्ता व्यक्तिहरूको अवस्था 'हाँस न कुखुराको चाल' जस्तो हुन जान्छ ।

नेपालमा गणतन्त्र स्थापना भएको र देश धर्मनिरपेक्ष घोषित भएको डेढ दशक बितिसकेको छ । पञ्चायती शासनको अन्त्य भएको ३२ वर्ष बितिसकेको छ । तत्कालीन राजा महेन्द्रले नयाँ मुलुकी ऐन लागू गरेको करीब ६० वर्ष भइसकेको छ । अन्तरजातीय विवाह हुन थालेको छ । तसर्थ वर्ण व्यवस्थाको बहानामा हिन्दू समाजमा जातीय उन्माद र कटुता ल्याउन खोज्नेहरू यथार्थमा इसाई मिसनरीको हातबाट बिक्री भइसकेका हुन्छन् । उनलाई यस्तो काम गर्न अऱ्हाइएको हुन्छ । केही दशकअघि दक्षिण छिमेकी भारतको मध्य प्रदेशसम्मको उच्च अदालतमा आफूहरूको पनि दलितको रूपमा नै आरक्षण पाउनुपर्ने माग गर्दै मुद्दा दिएका दलित इसाईहरूको अपीलमाथि सुनुवाइ गर्दै त्यहाँका न्यायाधीशहरूले हिन्दूबाहेक अन्य धर्ममा वर्ण व्यवस्था नभएको तथा वर्ण व्यवस्थाकै बहानामा हिन्दूबाट इसाई बनेकाहरूले पुनः आफूलाई हिन्दू दलित सरहको सुविधा पाउन खोज्नु न्यायसङ्गत नहुने र आरक्षणको उद्देश्यविपरीत पनि हुने निर्णय सुनाएका थिए । नेपालमा पनि हिन्दूबाट इसाई बनेका दलित तथा आदिवासीहरूले हिन्दू हुँदाका बखत पाइरहेका सेवासुविधाबाट वञ्चित गराइनुपर्ने हो । संविधानबाट देशको शासन व्यवस्था चलिरहेको अवस्थामा कसैले आफूलाई जातीय उत्पीडनको शिकार भएको दाबी गर्नु अथवा गराइनुको पछाडि पश्चिमेली एनजिओको हात रहेको बुझ्नुपर्छ ।

स्वेच्छाले कुनै धर्म त्याग गर्नु र अर्को धर्ममा प्रवेश गर्नुलाई व्यक्तिको अधिकार मानिन्छ तर बलपूर्वक अथवा लोभ दिएर धर्मपरिवर्तन गराउने अपराधको श्रेणीमा आउँछ । नेपालमा लोभ देखाएर धर्मपरिवर्तन गराउने काम भइरहेको छ । हिन्दू धर्ममा रहेको जातिप्रथा, गरीबी, बेरोजगारीलाई बहाना बनाएर धर्मपरिवर्तन गराउने काम भइरहेको छ । नेपालमा हिन्दू अथवा बौद्ध धर्मलाई परित्याग गरेर इसाई धर्ममा प्रवेश गरेका ९९ प्रतिशतले आजसम्म आफ्नो इसाई नाम पनि पाउन सकेका छैनन् ।

पहाडका गाउँ-गाउँमा र टोल-टोलमा चर्चहरूको स्थापना हुन थालेका छन् । कतिपयले आफ्नो घरलाई नै चर्च बनाएका छन् । मकवानपुरको एउटा पिछडिएको गाउँका बासिन्दा, जो आफूलाई एउटा शिव मन्दिरको पुजारी पनि बताइरहेका थिए, ले दुःखेसो प्रकट गर्दै गाउँका सबै व्यक्ति इसाई भइसकेको बताए । तसर्थ उनको निधनपश्चात् शिव मन्दिरमा पूजा गर्ने कोही हुनेछैन ।

नेपाल जस्तो ९५ प्रतिशतभन्दा बढी ओमकार परिवारका सदस्य भएको देशमा जनमत सङ्ग्रहविना देशलाई धर्मनिरपेक्ष घोषित गर्नुहुँदैन्थ्यो । आज युरोपेली राष्ट्रका व्यक्तिहरू शान्तिको खोजी गर्दै सनातन धर्ममा प्रवेश गरिरहेका छन् । ध्यान, भक्ति, साधना र योगमार्फत शान्तिको अनुभूति गरिरहेका छन् तर दुर्भाग्य हाम्रो देशमा सनातन धर्म-संस्कृतिप्रति वितृष्णा जगाउने काम भइरहेको छ । अमेरिकी राष्ट्रपतिलाई बाइबल छोएर शपथ खाने छुट छ, डेनमार्क, स्वीडेन र नर्वेलगायतका मुलुकमा राजतन्त्रलाई लुभरन चर्चसित सम्बन्ध राख्ने छुट छ । बेलायतकी महारानी पनि चर्चकी प्रमुख बन्न शोभा दिन्छ तर नेपालका राजनीतिज्ञहरूलाई आफ्नो धर्म-संस्कृतिमाथि गर्व गर्न लाज लगिरहेको छ ।

नेपालको संविधान २०७२ को निर्माण भइरहेका बखत सात वर्ष पुरानो गलतीलाई सच्याउने अवसर प्राप्त भएको थियो तर देशलाई पुनः हिन्दू धर्मसापेक्ष राष्ट्र घोषित गराउने वाचा गरेर चुनावमा तीन दर्जन सिट जितेको राप्रपा नेपालले त धर्मनिरपेक्ष संविधान जारी भएकोमा खुशी व्यक्त गऱ्यो भने अन्यको के कुरा ? नेपाली काङ्ग्रेसका कतिपय नेताहरू पनि फुर्सदको बेलामा हिन्दू धर्मको पक्षमा उभिएका देखिन्छन् तर आफ्नो दलको घोषणापत्रमा यसबारे उल्लेख गर्न सक्दैनन् । नेपालमा धर्मपरिवर्तनको घटनामाथि रोक लगाइएन भने देश इसाईकरणको दिशामा अगाडि बढ्ने निश्चित छ । नेपालमा 'ई'बाट 'इसा' त सुरुआत मात्रै हो ।

# स्थानीय निर्वाचनमा ७७ पत्रकार विजयी, महासङ्घको सदस्यता खारेज

काठमाडौं, २ जेठ/रासस

स्थानीय तहमा विजयी र उम्मेदवार बनेर सक्रिय राजनीतिमा होमिएका पत्रकारलाई नेपाल पत्रकार महासङ्घले जिम्मेवारी र साधारण सदस्यतासमेतबाट हटाउन थालेको छ । नेपाली पत्रकारितालाई स्वतन्त्र, निष्पक्ष र व्यावसायिक तुल्याउन महासङ्घले चालेको शुद्धीकरणको अभियान अन्तर्गत सक्रिय राजनीतिमा लागेका पत्रकारलाई महासङ्घबाट बिदाइ गरिएको हो ।

गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा हालसम्मको विवरण अनुसार महासङ्घमा सदस्य रहेका ७७ जना पालिकाको प्रमुख र उपप्रमुखसहित विभिन्न पदमा विजयी र २०७ जना उम्मेदवार रहेका थिए । विजयी भएकालाई महासङ्घले साधारण सदस्यताबाट स्वतः हटाएको छ भने उम्मेदवार भएका वा उम्मेदवार भएर फिर्ता लिएकालाई महासङ्घको केन्द्र, प्रदेश र जिल्ला कमिटीको पदाधिकारी वा कार्यसमितिमा रहेकाको हकमा उक्त जिम्मेवारीबाट मुक्त गराइ साधारण सदस्य हटाउने तयारी गरेको छ । महासङ्घका केन्द्रीय सदस्य शान्त आङबुहाङ र दीपेन्द्र रूम्दाली राईसहित ३० जना सदस्यले उम्मेदवारी दिनुअगावै महासङ्घबाट राजीनामा दिएका थिए । महासङ्घले ती राजीनामा स्वीकृत भइसकेको जनाएको छ ।

महासङ्घले 'प्रेस स्वतन्त्रताको रक्षा गर्दै स्वच्छ, व्यावसायिक र जिम्मेवार पत्रकारिताको विकासका लागि कार्यरत नेपाली पत्रकारलाई सङ्गठित गरी उनीहरूको पेशागत हक, हित र श्रम अधिकारको संरक्षण र संवर्द्धन'का लागि कार्य गर्दै आएको छ । उम्मेदवारी दिएकालाई पनि साधारण सदस्यताबाट किन नहटाउने भन्ने विषयमा महासङ्घले प्रक्रिया अघि बढाएका बेला स्थानीय निर्वाचनमा स्वतन्त्र उम्मेदवार भई फिर्ता



लिएका भक्तपुर जिल्ला शाखाका अध्यक्ष जगतकृष्ण प्रजापतिले सर्वोच्च अदालतमा रिट निवेदन दिएका कारण हाल कारबाही प्रक्रिया रोकिएको छ । सर्वोच्च अदालतले लिखित जवाफ माग गरेकाले शुक्रवार महासङ्घले जवाफ दिने तयारी गरेको छ ।

महासङ्घका महासचिव रोशन पुरीका अनुसार महासङ्घका सदस्यमध्ये प्रदेश नं १ मा २८ जना उम्मेदवार र १४ जना विजयी, मधेस प्रदेशमा २४ जना उम्मेदवार र पाँचजना निर्वाचित, वाग्मती प्रदेशमा ४१ जना उम्मेदवार र १३ जना विजयी, गण्डकी प्रदेशमा ३३ जना उम्मेदवार र १५ जना विजयी भएका थिए ।

यस्तै, पत्रकारिताबाट राजनीतिमा लागेकामध्ये लुम्बिनी प्रदेशमा ३७ जना उम्मेदवार र १५ जना विजयी, कर्णाली प्रदेशमा २४ उम्मेदवार र १२ जना विजयी र सुदूरपश्चिम प्रदेशमा २० जना

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## दलित, बजेट र समृद्ध अर्थतन्त्र

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षासहितको आर्थिक सामाजिक प्रगतिशील रूपान्तरण मूल पक्ष हो । दलितको समस्या हल हुनु भनेको भूमिसुधार हुनु हो, आर्थिक सामाजिक रूपान्तरण हुनु हो र गरीबी अन्त्य हुनु हो । यसैमा मुलुकको सामाजिक न्यायसहितको समृद्धि अडेको छ ।**

नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटको मूल आधार नेपालको संविधानको भाग ४ को राज्यका निर्देशक सिद्धान्त हो । जसले शोषणरहित समाज स्थापना गर्ने, समाजवादोन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माण गर्ने तथा वैज्ञानिक भूमिसुधारको खाका निर्माण गर्दै नेपाली जनताको सात दशक लामो सम्झौताहीन सङ्घर्षबाट. प्राप्त उपलब्धि संस्थागत गर्ने रहेको छ। राष्ट्रिय अर्थ व्यवस्था सुदृढ नभई दलितको अवस्था सुदृढ हुन सक्दैन भन्ने मान्यताका आधारमा गरीबी, बेरोजगारी, शिक्षा स्वास्थ्य, सामाजिक सुरक्षामा देखिएका असमानता, पछौटेपन, जातीय छुवाछूत र विभेद अन्त्यका साथै सामाजिक न्यायमा आधारित वितरणमा ध्यान दिने गरी दलित मुद्दा एक विशिष्ट तर सम्बोधन गर्नैपर्ने साझा समस्याका रूपमा देखिएको छ ।

वि.सं २००८ मा अर्थमन्त्री सुवर्ण शमशेर जबराले ५ करोड रुपियाँको बजेट पेश गरेर शुरू गरेको 'बजेट चलन' ले छ दशक पार गरेको छ। तर बजेटमा दलितकै नाममा रकम विनियोजन गर्न २० वर्ष लाग्यो । अर्थात् वि.सं. २०२८ मा मात्र बजेटमा दलितका नाममा एक लाख रुपियाँ विनियोजन भएको देखिन्छ। तत्कालीन अवस्थामा राजधानी पढ्न आउने दलित विद्यार्थीलाई कोठा भाडा समस्या भएका कारण छात्रावास बनाउन त्यो पैसा प्रयोग भएको पाइन्छ। त्यसपछि पनि बजेट पेश गर्ने क्रम त जारी रह्यो तर दलितलाई कसैले सम्झेन । बल्ल वि.सं. २०५३ सालमा आएर दलित छात्रवृत्तिका लागि ५ करोड रुपियाँ विनियोजन भएको देखिन्छ। यसरी वि.सं. २०२८ मा एक लाख रुपियाँ दलितका लागि बजेट छुट्याइएको र अर्को २५ वर्षपछि मात्रै बजेट छुट्याउने परिपाटी संस्थागत भयो । प्रत्येक आर्थिक वर्षमा दलितका आवश्यकता सम्बोधन गर्नेभन्दा पनि सस्तो लोकप्रियताका लागि सरकारले बजेट विनियोजन गर्दै आएको देखिन्छ। यो वर्ष पनि सरकारले दलितका लागि पुरानै ढर्राको बजेट ल्याएको छ ।

हुनत नेपाल सरकारको नीति तथा कार्यक्रममा दलित मुद्दालाई विशिष्ट मुद्दाका रूपमा नलिई एक औसत मुद्दाका रूपमा सम्बोधन भएको अवस्था छ । नीति तथा कार्यक्रममा विपन्न परिवारको संरक्षण गरी गरीबीको दुश्चक्रबाट बाहिर ल्याउने भनिएको छ । आगामी दुई वर्षभित्र भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको समस्या समाधान गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। पुनर्स्थापना हुन बाँकी मुक्त कमैया, मुक्त कमलरी तथा मुक्त हलिया र मुक्त घोषणा हुन बाँकी हरुवाचरुवाका लागि तीन तहका सरकारको समन्वयमा उत्पादन, रोजगार र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने पनि उल्लेख छ। त्यस्तै अति विपन्न दलित, लोपोन्मुख सीमान्तकृतका लागि किफायती र वातावरणमैत्री आवास उपलब्ध गराउने अभियान सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। जोखिममा रहेका बस्ती तथा विस्थापित परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिने भनिएको छ। यसले दलितलाई अलग र विशिष्ट मुद्दा बनाएको छैन भन्ने पुष्टि हुन्छ। आमरूपमा भन्नुपर्दा यसलाई औसत मुद्दा बनाइएको छ, जुन विगतका सरकारको नीति तथा कार्यक्रमकै निरन्तरता हो ।

सरकारको बजेट भाषणाको प्रस्तावनामा गरीबीको रेखामुनि रहेका तथा विभेद र बहिष्करणमा परेका वर्ग, लिङ्ग, क्षेत्र, जाति र समुदायलगायत सबै नागरिकको विकास र समृद्धिको आकाङ्क्षा सम्बोधन गर्न बजेट केन्द्रित छ भनिएको छ । भूमिहीन दलित एवं अव्यवस्थित बसोवासीलाई व्यवस्थित गर्ने कार्यलाई राष्ट्रिय भूमि आयोगमार्फत प्राथमिकताका साथ अघि बढाइने बजेट वक्तव्यमा उल्लेख छ। त्यस्तै जग्गाधनी प्रमाणपूर्जा वितरण कार्यलाई निरन्तरता दिई थप तीन सय स्थानीय तहका पाँच लाख परिवारलाई जग्गाधनी प्रमाणपूर्जा वितरण गरिने भनिएको छ। यसैगरी पुनर्स्थापना कार्यक्रमको सुविधा पाउन बाँकी मुक्त कमैया, कमलरी, मुक्त हलिया, हरुवाचरुवाहरूको पुनर्स्थापना गरी जीविकोपार्जन, रोजगार सिर्जना र क्षमता विकासका कार्यक्रमसँग आबद्ध गरिने छ भनी बजेटमा उल्लेख छ। त्यस्तै बजेटमा स्थानीय तहमा गरीब तथा सीमान्तकृत समुदायलाई कृषिमा आधारित एकीकृत उत्पादनमार्फत आर्थिक क्रियाकलापमा आबद्ध गरी स्थानीयस्तरमा थप रोजगार सिर्जना गरिने भनिएको छ । स्थानीय तहको सहकार्यमा चक्लाबन्दी, सामूहिक खेती, सहकारी खेतीजस्ता कार्यक्रम सञ्चालन गर्दा अति विपन्न, गरीब, भूमिहीन दलित, सीमान्तकृत उद्यमशील युवालाई प्राथमिकता दिइने छ भन्ने उल्लेख छ।

यसैगरी निरपेक्ष गरीबीको रेखामुनि रहेका दलित समुदायका श्रमयोग्य जनशक्तिलाई सीपमूलक तालिम दिई स्वरोजगार बनाउन परम्परागत पेशा, ज्ञान र सीपमा आधारित व्यवसायका अतिरिक्त अन्य व्यवसाय सञ्चालनका लागि प्रोत्साहनस्वरूप बीउ पूँजीसहित विनाधितो सहुलियतपूर्ण ऋण उपलब्ध गराउने प्रतिबद्धता बजेटमा छ । त्यस्तै भूमिहीन, दलित, सुकुम्बासी, राउटे, वनकरिया, मुसहर र डोम समुदायद्वारा स्थापित सहकारी संस्थामार्फत सञ्चालन हुने कृषि, पशुपालन, तरकारी खेती, ग्रामीण उद्यम र व्यवसायका लागि अधिकतम पाँच प्रतिशत सहुलियत ब्याज दरमा कर्जा प्रवाह गर्ने व्यवस्था मिलाउने पनि बजेटमा उल्लेख छ। विपन्न, दलित, अल्पसङ्ख्यक, लोपोन्मुख, जातजाति, पिछडिएको क्षेत्र, दुर्गम तथा हिमाली क्षेत्र र आर्थिकरूपमा विपन्न परिवारका बालबालिका तथा विशेष आवश्यकता भएका बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने बताइएको छ भने राज्यको अभिभारा 'एक घर: एक धारो' अभियान साकार पार्न प्रदेश र स्थानीय तहसँग सहकार्य गरेर खानेपानी आयोजना सञ्चालन गरिने बताइएको छ । यो कार्यक्रम दलितहरूको उच्च घनत्व रहेको बस्तीमा प्राथमिकताका साथ सञ्चालन गरिने बजेटमा उल्लेख छ ।

नेपाली समाजमा राजनीतिक, आर्थिक र सामाजिक–सांस्कृतिक क्षेत्रमा सबैभन्दा सतहमा पारिएको दलित समुदायको बहुआयामी गरीबी र संरचनागत समस्यालाई औसतमा बुझ्नु र सोही अनुसार व्यवहार गर्नु गम्भीर लापरवाही हो । नेपालका हरेक राजनीतिक दलले दलित मुद्दालाई विशिष्ट ढङ्गले सम्बोधन गर्ने उद्देश्यले दलित भ्रातृ सङ्गठन निर्माण गरेका छन् । तर सरकारको नीति तथा कार्यक्रम र बजेटमा दलितलाई विपन्न, लोपोन्मुख, सीमान्तकृत आदि शब्दले सम्बोधन गर्नु दलित मुद्दाप्रति बेवास्ताको सङ्केत हो। समग्रमा सरकारले दलित समुदायका लागि केही नीतिगत, कानूनी र संरचनागत व्यवस्था गरेको भए पनि आवश्यक बजेट छुट्याएको देखिंदैन । संविधानको धारा ४० मा दलितको हकको व्यवस्था गरिएको छ। जसको दफा १ मा राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने उल्लेख छ। सार्वजनिक सेवालगायत रोजगारका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्था गरिने संविधानमा उल्लेख छ । धारा २ मा दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानूनबमोजिम छात्रवृत्तिसहित निश्शुल्क शिक्षाको व्यवस्था गरिने, प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानूनबमोजिम विशेष व्यवस्था गरिने उल्लेख छ । धारा ३ मा दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानूनबमोजिम विशेष व्यवस्था गरिने उल्लेख छ । धारा ४ मा दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधि प्रयोग, संरक्षण र विकास गर्ने हक हुने भनिएको छ। राज्यले दलित समुदायको परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक सीप र स्रोत उपलब्ध गराउने उल्लेख छ। धारा ५ मा राज्यले भूमिहीन दलितलाई कानूनबमोजिम एक पटक जमीन उपलब्ध गराउनुपर्ने उल्लेख छ । धारा ६ मा राज्यले आवासविहीन दलितलाई कानूनबमोजिम बसोवासको व्यवस्था गर्ने भनिएको छ। धारा ७ मा दलित समुदायलाई यस धाराप्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिकरूपमा प्राप्त गर्नेगरी न्यायोचित वितरण गर्नुपर्ने उल्लेख छ।

देशको कुल जनसङ्ख्याको १४ प्रतिशत हिस्सा ओगटेको दलितसम्बन्धी मुद्दालाई विशिष्ट र सम्बोधन गर्नैपर्ने आवश्यकता बोध गरेर विशेष कार्यक्रम बनाउन जरूरी छ । यसका लागि हरुवाचरुवा प्रथा अन्त्य गर्ने घोषणा तत्काल गर्नुपर्छ। दलितमध्ये करीब ४२ प्रतिशत परम्परागत सीपमा आधारित फलाम, छाला, सुनचाँदी, माटोका भाँडा, सारङ्गी बजाउनेलगायत काममा संलग्न देखिन्छन्। दलितका परम्परागत सीपलाई सम्मान र उचित ज्याला दिने हो भने दलितको ठूलो हिस्सा आत्मनिर्भर हुन सक्ने सम्भावना छ। त्यस्तै कृषिमा हुने परम्परागत कामको यन्त्रीकरण र व्यवसायीकरण गर्नुपर्छ । दीर्घकालीन विकास लक्ष्य २०३० लाई आधार बनाएर 'कसैलाई पछाडि नछोड' भन्ने मूल नारा आत्मसात् गर्दै नेपालको संविधानले सुनिश्चित गरेको दलित अधिकार कार्यान्वयन गर्न २०७९ देखि २०८९ लाई दलित अधिकार दशक घोषणा गर्नु उपयुक्त हुन्छ, जसले सन् २०३० मा दीर्घकालीन विकास लक्ष्य समापन हुँदा दलित समुदायमाथि लादिएको जातीय छुवाछूत तथा विभेद समूल अन्त्य हुनेछ। वास्तवमा विकास भनेको भौतिक विकास मात्रै होइन । बरु शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षासहितको आर्थिक सामाजिक प्रगतिशील रूपान्तरण मूल पक्ष हो। दलितको समस्या हल हुनु भनेको भूमिसुधार हुनु हो, आर्थिक सामाजिक रूपान्तरण हुनु हो र गरीबी अन्त्य हुनु हो। यसैमा मुलुकको सामाजिक न्यायसहितको समृद्धि अडेको छ।

## फेरि बढेर आयो पेट्रोलियम पदार्थको खरीद मूल्य

काठमाडौं, २ जेठ/रासस

पेट्रोलियम पदार्थको खरीद मूल्य फेरि बढेर आएको छ । इन्डियन आयल कर्पोरेशन (आइओसी)ले बिहीवार पठाएको नयाँ मूल्य अनुसार पेट्रोल, डिजेल, मटीतेल र हवाई इन्धनको मूल्य बढेर आएको छ ।




आइओसीले पठाएको मूल्य अनुसार पेट्रोलमा प्रतिलिटर छ रुपैयाँ ५२ पैसा, डिजेलमा प्रतिलिटर १९ रुपैयाँ तीन पैसा र हवाई इन्धनमा प्रतिलिटर रु ९१ रुपैयाँ ९१ पैसा बढेको छ। नयाँ मूल्य अनुसार निगमलाई पेट्रोलमा प्रतिलिटर ३१ रुपैयाँ २८ पैसा, डिजेलमा प्रतिलिटर ३७ रुपैयाँ १६ पैसा, हवाई इन्धन (आन्तरिक)मा दुई रुपैयाँ ७० पैसा र एलपी ग्याँसमा प्रतिसिलिन्डर ७५१ रुपैयाँ १४ पैसा घाटा छ ।

खरीद मूल्य बढेसँगै आगामी १५ दिनमा करीब रु चार अर्ब ७१ करोड घाटा हुने निगमको प्रक्षेपण छ। हवाई इन्धन (बाह्य) र मटीतेलमा सामान्य नाफा रहेको निगमले जनाएको छ ।

नयाँ खरीद मूल्यमा विभिन्न शीर्षकको कर थप्दा पेट्रोलको खरीद लागत प्रतिलिटर २०९ रुपैयाँ २८ पैसा, डिजेलको २०२ रुपैयाँ १६ पैसा, मटीतेलको १४७ रुपैयाँ ९९ पैसा, हवाई इन्धन (आन्तरिक)को १६८ रुपैयाँ ७० पैसा, हवाई इन्धन (बाह्य)को प्रतिलिटर १४७ रुपैयाँ ८९ पैसा र एलपी ग्याँसको प्रतिसिलिन्डर दुई हजार ५५१ रुपैयाँ १५ पैसा पुगेको छ ।

निगमलाई हालको बिक्री मूल्यमा पेट्रोलमा प्रतिलिटर ३१ रुपैयाँ २८ पैसा, डिजेलमा प्रतिलिटर ३७ रुपैयाँ १६ पैसा, हवाई इन्धन (आन्तरिक)मा दुई रुपैयाँ ७० पैसा घाटा तथा मटीतेलमा प्रतिलिटर १७ रुपैयाँ एक पैसा र हवाई इन्धन (बाह्य)मा प्रतिलिटर ४४ रुपैयाँ ६३ पैसा नाफा छ । हाल पेट्रोलको बिक्री मूल्य प्रतिलिटर रु १७८, डिजेल/मटीतेलको रु १६५, हवाई इन्धन (आन्तरिक)को रु १६६, हवाई इन्धन (बाह्य) प्रतिलिटर १.५४ अमेरिकी डलर र एलपी ग्याँसको बिक्री मूल्य प्रतिसिलिन्डर एक हजार ८०० छ ।

नयाँ मूल्यसूचीका आधारमा पाक्षिकरूपमा पेट्रोलमा रु ९५ करोड, डिजेलमा रु दुई अर्ब ९१ करोड, हवाई इन्धन (आन्तरिक)मा रु ६६ लाख र एलपी ग्यासमा रु एक अर्ब १४ करोड घाटा हुने निगमका प्रवक्ता विनीतमणि उपाध्यायले जानकारी दिए । अन्तर्राष्ट्रियरूपमा पेट्रोलियम पदार्थको मूल्यमा निरन्तर उकालो लाग्दै गएको अवस्थामा पेट्रोलियम पदार्थको आपूर्ति तथा बिक्री वितरण सहज बनाउन पेट्रोलियम पदार्थको खुला बिक्री लागत मूल्य सरह नै हुने गरी कायम गर्नुपर्ने स्थिति रहेको निगमले जनाएको छ ।



**घामबाट बच्ने उपाय** : वीरगंज, ड्राइपोर्ट, श्रीसिया जाने सडककै छेउमा घामबाट बच्न रूखको छहारीमा सुस्ताउँदै किसान र बटुवाहरू । तस्वीरः पङ्कज श्रेष्ठ

# बेरोजगारी अन्त्य गर्न यस्ता छन् प्रदेश सरकारका कार्यक्रम

काठमाडौं, २ असार/रासस
सातै प्रदेशका सरकारले बुधवार आगामी आर्थिक वर्षका लागि बजेट प्रस्तुत गरेका छन्।


बुधवार मधेस प्रदेशका मन्त्री साह बजेट प्रस्तुत गर्दै। तस्वीरः रासस

संविधानका अनुसूची अनुसार प्रदेश सरकारका क्षेत्राधिकारभित्र पर्ने विषयलाई सम्बोधन गर्ने गरी प्रदेश सरकारका बजेट आएका छन्। सातै प्रदेशले रोजगार सिर्जना, सीपमूलक तालीम प्रदान, औद्योगिक क्षेत्र प्रवर्द्धनका लागि बजेट विनियोजन गरेका छन्।

वाग्मती प्रदेश सरकारले १० हजार युवालाई स्वदेशमैं काम गर्न सक्ने गरी स्वरोजगारमूलक सीप सिकाउन 'मुख्यमन्त्री सीप विकास तथा रोजगार कार्यक्रम' सञ्चालन गर्ने घोषणा गरेको छ। सो कार्यक्रममा प्रदेशभित्रका गरीब, विपन्न र द्वन्द्वपीडित परिवारका व्यक्तिलाई सीपमूलक तालीममा प्राथमिकता दिइनेछ। उक्त कार्यक्रम सञ्चालन गर्न रु १५ करोड विनियोजन गरिएको वाग्मतीका आर्थिक मामिला तथा योजनामन्त्री सालिकराम जमरकट्टेलले जानकारी दिए। यस कार्यक्रम अन्तर्गत उद्योगसँग सहकार्य गरी कार्यस्थलमा नै प्रशिक्षण दिई सोही उद्योग तथा व्यावसायिक प्रतिष्ठानमा रोजगार दिने व्यवस्था मिलाइने बजेट वक्तव्यमा उल्लेख छ।

वैदेशिक रोजगारबाट फर्केका तथा हरेक वर्ष श्रम बजारमा प्रवेश गर्ने युवालाई लक्षित गरी उद्यमशीलता प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरी स्वरोजगार बनाइने, वैदेशिक रोजगारमा जाने युवालाई आवासीय, आवधिक, सघन सीपमूलक र गन्तव्य मुलुकमा माग हुने तालीम र सीप परीक्षण तथा प्रमाणीकरण गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक परिषद्सँग सहकार्य गरिने बजेटमा उल्लेख छ।


प्रदेश नं १ का आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्बो।

स्वरोजगार, औपचारिक तथा अनौपचारिक क्षेत्र र वैदेशिक रोजगारमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्दै लैजान सङ्घीय सरकार र सामाजिक सुरक्षा कोषसँग सहकार्य गरिने, सङ्घीय सरकारसँगको सहकार्यमा प्रदेश सरकार अन्तर्गत कार्यरत अस्थायी ज्यालादारी र करारमा कार्यरत कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराइने तथा श्रमिकको पञ्जीकरण गर्ने व्यवस्था मिलाउन बजेट विनियोजन गरिएको छ।

आगामी आर्थिक वर्षमा प्रदेश श्रम तथा रोजगार नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइने, श्रमिकहरूको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य मापदण्डको अवलम्बन गरी कार्यस्थललाई सुरक्षित बनाउन नियमानकारी भूमिका बढाइने उल्लेख छ। श्रम, रोजगार तथा यातायात मन्त्रालयमा श्रमिकको हकहितको संरक्षण र संवर्द्धनका लागि श्रमिक 'हेल्प डेस्क' सञ्चालनमा ल्याउने र श्रमको सम्मान गर्ने संस्कृतिका विकास गरिने बजेटमा समावेश छ। वाग्मती प्रदेश सरकारले श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालयका लागि रु ९७ करोड २४ लाख बजेट विनियोजन गरेको छ।



गण्डकी प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बराल बजेटका विषयमा मन्त्रालयद्वारा बिहीवार आयोजित पत्रकार भेटघाटमा मन्तव्य व्यक्त गर्दै।

प्रदेश नं १ सरकारले स्वरोजगार अभिवृद्धिका लागि ब्यूटीसियन, सिकर्मी, डकर्मी, हजाम, इलेक्ट्रिसियन, प्लम्बिङ एवं अन्य सीपयुक्त प्राविधिक उत्पादन गर्न तालीम कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छ। प्रदेश सरकारको बजेट प्रस्तुत गर्दै आन्तरिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्बोले आगामी वर्ष रोजगार सूचना केन्द्रको सुदृढीकरण गरिने बताए। प्रदेश सरकारले रोजगार नीति निर्माणसमेत गर्ने भएको छ।

श्रमिक र रोजगारदाताबीच सहजीकरण गर्न प्रदेश श्रम सल्लाहकार परिषद्लाई थप क्रियाशील बनाइने, श्रमिकको सामाजिक सुरक्षा र सामाजिक संवादसम्बन्धी प्रादेशिक नीति एवं कानून निर्माणका लागि बजेट व्यवस्था गरिएको छ। प्रदेश १ सरकारले उद्योग, वाणिज्य, श्रम तथा रोजगार क्षेत्रका लागि रु ४६ करोड ८८ लाख विनियोजन गरेको छ।

लुम्बिनी प्रदेश सरकारले 'बेरोजगारलाई रोजगारः साथमा छ प्रदेश सरकार' भन्ने नीतिअनुरूप श्रम बजारमा रोजगारको अवसर तथा सम्भावनाको अध्ययन गरी बेरोजगार युवाशक्ति, लक्षित वर्ग र द्वन्द्व प्रभावित परिवारलाई माग र आवश्यकतामा आधारित सीपमूलक तालीम र वस्तुगत सहयोग कार्यक्रम सञ्चालन गर्ने भएको छ। सो कार्यक्रमका लागि रु तीन करोड ४८ लाख विनियोजन गरिएको लुम्बिनीका आर्थिक मामिला तथा सहकारी मन्त्री कृष्णध्वज खड्काले जानकारी दिए। गुणस्तरीय तालीम सञ्चालन गर्न प्यूठानमा ल्याबसहितको 'सीप प्रतिष्ठान' स्थापना गर्न रु एक करोड विनियोजन गरिएको छ। वैदेशिक रोजगारमा जाने युवालाई तालीम तथा सीपविकास कार्यक्रम सञ्चालन, वैदेशिक रोजगारबाट फर्केका युवाको सीप परीक्षण गरी सीपसँग सम्बन्धित पेशा व्यवसायमा आबद्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ।

प्राविधिक शिक्षालयसँग सहकार्य गरी कोभिड–१९ महामारीका कारण रोजगार गुमाएका युवाको सीप स्तरोन्नति तालीम तथा युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिने, 'गर र सिक' कार्यक्रम अन्तर्गत सीप सिक्न चाहने व्यक्तिका लागि निजी क्षेत्रको सहकार्यमा औद्यौगिक तथा व्यावसायिक स्थलमा गई काम गरेर सिक्नका लागि प्रोत्साहन गर्न बजेट विनियोजन गरिएको छ। बालश्रम निषेध गर्न उद्योग, कलकारखाना तथा व्यवसायको नियमित अनुगमन तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।


लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा सहकारीमन्त्री मन्त्री खड्का।

मधेस सरसकारले उद्योगलाई चाहिने जनशक्ति उत्पादन गर्न निजी, गैरसरकारी संस्था, स्थानीय तहको समेत सहभागितामा मुख्यमन्त्री सीप प्रवर्द्धन तथा रोजगार कार्यक्रममा रु २५ करोड विनियोजन गरिएको अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले जानकारी दिए।

कर्णाली प्रदेश सरकारले श्रम तथा रोजगार सचेतना तथा प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, बालश्रमिक निषेध प्रदेश निर्माणका लागि अभियानमूलक सचेतना कार्यक्रम सञ्चालन गर्ने भएको छ। आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै आर्थिक मामिला तथा योजनामन्त्री विन्दमान विष्टले वैदेशिक रोजगारबाट फर्केका तथा स्वदेशभित्र रोजगारीबाट वञ्चित युवाको सीप, प्रविधि र जाँगरलाई सिर्जनशील उद्यमीमार्फत स्वरोजगार बनाउने कार्यक्रम सञ्चालन गरिने बताए।


कर्णाली प्रदेशसभाको बैठकमा बजेट प्रस्तुत गर्न जाँदै आर्थिक मामिला तथा योजनामन्त्री विन्दमान विष्ट। तस्वीरः रासस

गण्डकी प्रदेश सरकारले व्यावसायिक उत्पादन तथा रोजगार अभिवृद्धिका लागि युवामा उद्यमशील सोचको विकास गराइ स्थानीय श्रम, पूँजी र प्रविधिजस्ता कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्न उद्यमशीलता विकास, सीपमूलक तालीम र स्टार्टअप व्यवसायलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गर्ने भएको छ। गण्डकी प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बरालले आगामी आवको बजेट पेश गर्दै परम्परागत सीप र प्रविधिमा आधारित घरेलु तथा साना उद्योग व्यवसायलाई आधुनिकीकरण गरी व्यावसायिक क्षमता वृद्धि गर्न उपयुक्त प्रविधि हस्तान्तरणको कार्यक्रमलाई निरन्तरता दिइएको बताए।

सुदूरपश्चिम प्रदेश सरकारले 'सीप सिकौं, उद्यमशील बनौं' सफल बनाउन गुणस्तरीय बहुसीपयुक्त मानव संशाधनको विकास गरी रोजगार र स्वरोजगारका सम्भावना अभिवृद्धि गर्न महिला, दलित, जनजाति र पिछडिएका समूहलाई विशेष लक्षित गरी विभिन्न प्रकारका व्यावसायिक तथा सीपमूलक तालीम सञ्चालन गर्ने घोषणा गरेको छ। सो कार्यक्रमका लागि रु चार करोड १५ लाख विनियोजन गरिएको आर्थिक मामिलामन्त्री प्रकाश रावलले जानकारी दिए। कार्यस्थलमा कामदारको सुरक्षा, स्वास्थ्यसम्बन्धी परामर्श, उद्यमशीलताको विकास, उत्कृष्ट श्रमिक उद्यमी पहिचान र पुरस्कृत गर्ने कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ।

## नेप्से परिसूचकमा दोहोरो अङ्कको वृद्धि

काठमाडौं, २ असार/रासस
धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार दोहोरो अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १२.५७ अङ्कले वृद्धि भई एक हजार ९७८.९४ मा पुगेको छ। यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २.९३ अङ्कले उकालो लागेर ३८१.८३ मा पुगेको छ। कुल २२१ कम्पनीको ३५ लाख ९४ हजार ५९४ कित्ता शेयर रु एक अर्ब १८ करोड ७१ लाख ४५ हजार ५१९ मूल्यमा खरीद–बिक्री भए।




कारोबार भएका कुल १३ उपसमूहमध्ये आज १२ उपसमूहको शेयर उकालो लाग्यो भने लगानी उपसमूहको शेयर मूल्य भने ओरालो लाग्यो। बैंकिङ ६.३८, व्यापार २३.५७, होटल तथा पर्यटन १२.२५, विकास बैंक २२.८, जलविद्युत् ८.५२, वित्त १४.०४, निर्जीवन बीमा ३४, उत्पादन २५.४१, अन्य ३६.६९, लघुवित्त ३९.१५, जीवन बीमा ५.०९ र सामूहिक लगानी कोष ०.१ अङ्कले उकालो लागेका छन्। यस्तै, लगानी उपसमूह ०.०६ अङ्कले ओरालो लागेको छ।

कारोबारका आधारमा आज नेपाल दूरसञ्चार कम्पनी शीर्ष स्थानमा छ। सो कम्पनीले रु १३ करोड ८८ लाख ९७ हजार १५१ बराबरको कारोबार गऱ्यो। त्यस्तै, एनसिसी बैंक रु १० करोड ३५ लाख चार हजार ७१५, सिभिल बैंक रु चार करोड ७१ लाख १९ हजार ७८५, एनआइसी एशिया बैंक रु तीन करोड ५७ लाख २३ हजार ३८३ र नबिल बैंक रु दुई करोड ५० लाख ४६ हजार ३५२ बराबरको कारोबार भई शीर्ष पाँच स्थानमा रहे।

नेप्सेका अनुसार आँधीखोला लघुवित्तको शेयर मूल्य १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो। रिभर फल्स पावर ९.९७, सामुदायिक लघुवित्त ९.९६, कालिका लघुवित्त ७.६९ र एनसिसी बैंकका लगानीकर्ताले ६.६५ प्रतिशतले कमाए। त्यस्तै, लुम्बिनी जनरल इन्स्योरेन्स ३.८०, राष्ट्र उत्थान लघुवित्त ३.४१, माउन्टेन इनर्जी नेपाल २.७२, कुमारी इक्विटी फन्ड २.१९ र हिमालयन पावर पार्टनर कम्पनीका लगानीकर्ता २.०६ प्रतिशतले ओरालो लागे।

## खेतमा हाल्ने मल छैन, किसानलाई धान रोप्ने चटारो

भक्तपुर, २ जेठ/रासस
यस वर्ष मनसुन चाँडै शुरू भएपछि भक्तपुरका किसानलाई यतिखेर धान रोपाइँको चटारो परेको छ। भक्तपुरका चारवटै नगरपालिकाका खेतमा यतिखेर धान रोप्ने किसानको लर्को देखिन्छ।

धानखेतीका लागि नभई नहुने रासायनिक मल अभाव खेपिरहे पनि खेतमा पानी भरिएपछि किसानलाई धान रोप्ने चटारो परेको हो। "पानी परेर खेतका गरा भरिएपछि मन थाम्न सकिएन, मल कुरेर बस्न सकिएन, धान रोप्न थाल्यौं," चाँगुनारायण नगरपालिका–४ छालिङमा खेतमा रोपाइँ गरिरहेकी भक्तपुर नगरपालिकाकी किसान कल्पना वासीले भनिन्।

विगतका वर्षमा असारको पहिलो सातापछि मात्रै रोपाइँ शुरू हुने र असारको १५ ताका किसानलाई चटारो पर्ने भएपनि यस्तै पानी परे यस वर्ष असार १५ सम्ममा भक्तपुरका सबै क्षेत्रमा रोपाइँ सम्पन्न हुने अवस्था रहेको चाँगुनारायण–९ का किसान रोशन गिरी बताउँछन्।

कतिपय किसानको धानको बीउ छोटो भएपनि रोपाइँ शुरू गरेका छन्। सिंचाइ अभावमा भक्तपुरमा धेरै आकाशे पानीका भरमा रोपाइँ गर्नुपर्ने अवस्थामा यस वर्ष आकाशे पानीले नै असार नलाग्दै

(बाँकी पाँचौं पातामा)


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**
चिकित्सकको नाम सम्पर्क नं. आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की–१०
३. डा. आनन्दकुमार झा ०५१–५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. पन्नालाल पटेल ९८५५०३४१५५ सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज
५. डा. श्यामसुन्दर दास
६. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**
१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**
१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**
१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**
डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**
डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**
डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज


**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**
डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**
**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

## अन्तर्राष्ट्रिय समाचार

# पाकिस्तानी प्रमभन्दा उनकी पत्नी धनी, पूर्वप्रम खान चार बाख्राका मालिक



इस्लामाबाद, २ असार/एएनआई

दुई जोईका खसम पाकिस्तानका प्रधानमन्त्री शहबाज शरीफ र पूर्वप्रधानमन्त्री इमरान खान आफ्ना पत्नीभन्दा गरीब भएको पाइएको छ ।

निर्वाचन आयोगमा पेश गरिएको सम्पत्ति विवरण अनुसार प्रधानमन्त्री शरीफ र उनका पूर्ववर्ती खानका पत्नीसँग आफ्ना पतिभन्दा अधिक सम्पत्ति रहेको पाइएको छ ।

पूर्वप्रधानमन्त्री इमरान खानसँग दुई लाख पाकिस्तानी रुपियाँ पर्ने चारवटा बाख्रा छन् । अंशबन्डामा प्राप्त उनीसँग छ किसिमका सम्पत्ति छन् । पाकिस्तान तहरीक-ए-इन्साफ (पिटिआई) का अध्यक्ष खानसँग न गाडी छ, न देश बाहिर सम्पत्ति नै । उनले कतै लगानी पनि गरेका छैनन् ।

खानसँग विदेशी मुद्रा खातामा तीन लाख २९ हजार एक सय ९६ अमेरिकी डलर, पाँच सय १८ स्टर्लिङ पाउन्ड र छ करोड पाकिस्तानी रुपियाँ छ । खानकी पत्नी बुशरा बीबीको चार प्रकारका अचल सम्पत्तिसहित कुल सम्पत्ति १४ करोड २१ रुपियाँको जायजेथा छ ।

प्रधानमन्त्री शहबाज शरीफकी जेठी पत्नी जाया नुसरत शहबाजसँग पनि आफ्नो लोग्नेभन्दा धेरै सम्पत्ति छ । उनीसँग २३ करोड २९ लाखको सम्पत्तिसँगै लाहोर र हजारामा नौवटा कृषि सम्पत्ति र दुवै ठाउँमा एक-एक घर छन् । उनले विभिन्न क्षेत्रमा लगानी गरेको दैनिक अखबार डनले छापेको छ ।

प्रधानमन्त्री शरीफसँग १० करोड ४२ लाख बराबरको सम्पत्ति छ भने १४ करोड ७८ लाखको दायित्व छ । प्रधानमन्त्रीकी कान्छी पत्नी तेहमिना दुर्रानीको सम्पत्ति केही वर्षदेखि करीब ५७ लाख रुपियाँ रहेको छ । रासस

# रूस-युक्रेन द्वन्द्वले पूर्वी अफ्रिकी क्षेत्रमा खाद्य सङ्कट पर्न सक्ने

अदिस अबाबा, २ असार/सिन्ह्वा

हालैका दिनमा युक्रेनमा जारी रहेको सङ्कटका कारण विशेषगरी पूर्वी अफ्रिकी क्षेत्रमा खाद्यान्न सङ्कट पर्न सक्ने संयुक्त राष्ट्रसङ्घले जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रमले मङ्गलवार सो चेतावनी दिएको समाचारमा जनाइएको छ । संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रमले युक्रेनमा जारी सङ्कटका कारण यहाँ खाद्यान्न आपूर्तिमा अवरोध पुग्ने गरेको छ ।

खाद्यान्न आपूर्तिमा भएको असहजता, बजारको अनिश्चितता र अत्यावश्यक वस्तुहरूको आपूर्तिमा समेत अवरोध पुग्दा यस्तो अवस्था आउने सो कार्यक्रमले जनाएको समाचारमा उल्लेख गरिएको छ ।

महीनौं यतादेखि युक्रेन हुँदै यहाँ आपूर्ति हुने गरेको खाद्यान्नमा कमी आइसकेको, सङ्कटका लागि खाद्यान्न भण्डारण गर्ने अवस्था पनि नरहेको सो कार्यक्रमले मङ्गलवार जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रमको एउटा अध्ययनमा अत्यावश्यक सामग्री तथा खाद्यान्न आपूर्तिका लागि मानवीय सहायतासम्बन्धी करिडर सञ्चालन हुन नसकेको भन्दै यसले आगामी केही दिनमैं यहाँ खाद्यान्न अभाव हुन जाने संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रमले जनाएको छ । रासस

## फ्रान्सेली राष्ट्रपति, जर्मन चान्सलर र इटालीका प्रधानमन्त्री कीभ प्रस्थान

फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रों, जर्मन चान्सलर ओलाफ स्कोल्ज र इटालीका प्रधानमन्त्री मारियो ड्राघी बिहीवार पोल्यान्डबाट कीभ जाने रेलमा



फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रों, जर्मन चान्सलर ओलाफ स्कोल्ज र इटालीका प्रधानमन्त्री मारियो ड्राघी । तस्वीरः सिन्ह्वा

चढेको एएफपी संवाददाताले जनाएका छन् ।

एएफपी भिडियोद्वारा प्रसारित भिडियोमा तीन नेताहरू बिहान रेलको डिब्बामा सँगै बसेको देखाइएको थियो ।

रूसले गत फेब्रुअरी २४ मा युक्रेनमा आक्रमण गरेपछि युरोपेली सङ्घका तीन देशका नेताहरूले कीभ भ्रमण गरेको यो पहिलोपटक हो ।

उनीहरूले युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीलाई भेट्नेछन् । कीभले इयुको सदस्यताका लागि जोड दिइरहेको बेला यो भ्रमण आएको हो ।

# बेलायतमा मङ्कीपक्सका बिरामीको सङ्ख्या ५०० नाघ्यो

बेलायत, २ असार/एएनआई/सिन्ह्वा

पछिल्लो आधिकारिक तथ्याङ्क अनुसार बेलायतमा बुधवारसम्म मङ्कीपक्सका बिरामीको सङ्ख्या ५०० नाघेको छ ।

युके हेल्थ सेक्युरिटी एजेन्सीले इङ्गल्यान्डमा ५२ मङ्कीपक्सका घटना दर्ता भएको बताइएको छ । स्कटल्यान्डमा एक र वेल्समा एकजना थप सङ्क्रमित सहित बेलायतमा मङ्गलवारसम्म पुष्टि भएका सङ्क्रमित सङ्ख्या ५२४ पुगेको छ । इङ्गल्यान्डमा ५०४, स्कटल्यान्डमा १३, उत्तरी आयरल्यान्डमा दुई र वेल्समा पाँच जनामा सङ्क्रमण पुष्टि भएको छ । "नजीकको सम्पर्क र यौनसम्पर्कमा रहेका व्यक्तिहरूमा सङ्क्रमण बढ्दो पाइएको छ । समलिङ्गी, उभयलिङ्गी वा अन्य प्रकारले यौन सम्पर्कमा रहेका व्यक्तिहरूमा यस्तो सङ्क्रमण देखिएको युके हेल्थ सेक्युरिटी एजेन्सीले जनाएको छ । रासस


## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे


## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | कर्मप्राप्ति | वृष | राज्यभय |
| मिथुन | रोगभय | कर्कट | यात्रालाभ |
| सिंह | शत्रुभय | कन्या | चोरभय |
| तुला | उदरपीडा | वृश्चिक | विजय |
| धनु | धनखति | मकर | भाग्योदय |
| कुम्भ | बेचैनी | मीन | मनोरञ्जन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## वीरगंज महानगरपालिकाको सूचना

सार्वजनिक यातायातका साधनहरूमा महिला, अपाङ्ग तथा ज्येष्ठ नागरिकहरूको लागि आरक्षित सिट राख्नुपर्ने व्यवस्था बमोजिम वीरगंज महानगर क्षेत्रभित्र सञ्चालित सार्वजनिक सवारीसाधनहरूमा सो व्यवस्था गर्न सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै सो व्यवस्था पालना नगरिएको पाइएमा कानूनबमोजिम कारबाई हुने जानकारी गराइन्छ ।

वीरगंज महानगरपालिका कार्यालय


# गैरआवासीय नेपालीलाई नागरिकताको विषय शीघ्र सम्बोधन गरिनेछ –प्रधानमन्त्री देउवा

काठमाडौं, २ जेठ/रासस

प्रधानमन्त्री शेरबहादुर देउवाले गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)ले लामो समयदेखि उठाउँदै आएको नागरिकतासम्बन्धी विषय शीघ्र सम्बोधन गर्ने विश्वास दिलाएका छन् ।




तस्वीरः रासस

सङ्घले बिहीवार आयोजना गरेको 'नागरिकता, मताधिकार, लगानी तथा वैदेशिक रोजगार' विषयक सेमिनारको उद्घाटन गर्दै उनले नागरिकताको विषय सबै सरोकारवालासँग छलफल गरेर टुङ्गो लगाइने बताए । उनले भने, "तपाईंहरूले गैरआवासीय नेपालीलाई नागरिकताको विषय जतिसक्दो चाँडो सम्बोधन गर्न आग्रह गर्दै आउनुभएको छ, यस विषयलाई सबै पक्षसँग समन्वय गरी यथाशीघ्र सम्बोधन गर्ने कुरा पुनः म यहाँहरूलाई आश्वस्त तुल्याउन चाहन्छु ।"

प्रधानमन्त्री देउवाले एनआरएनएले उठाएका जायज मागप्रति सरकार संवेदनशील रहेको र उनीहरूको नेपाल आवागमन सहज गर्नेदेखि लगानी र सम्पत्तिको संरक्षण गर्ने काममा सरकारले आवश्यक सहयोग गर्ने बताए । उनले संसारभरि छरिएर रहेका प्रवासी नेपालीलाई मातृभूमिप्रतिको दायित्व निर्वाह गर्न अपील गर्दै विदेशमा आर्जन गरेको पूँजी, ज्ञान र सीपलाई नेपालको विकासमा उपयोग गर्न पनि आग्रह गरे । "अब विदेशमा आर्जन गरेको पूँजी, प्राविधिक तथा व्यावसायिक ज्ञान, सीप र कौशललाई मुलुकको विकासका लागि उपयोग गर्न सङ्घमार्फत सबै गैरआवासीय नेपालीलाई आग्रह गर्दछु," उनले भने ।

प्रधानमन्त्री देउवाले गैरआवासीय नेपाली समुदायले विदेशमा नेपालमा उत्पादित वस्तुहरूको उपभोगलाई प्रोत्साहन गर्न सके निर्यात प्रवर्द्धन हुने र नेपाली उद्योगधन्दाको सदुपयोग हुने भन्दै विदेशस्थित नेपाली दूतावास र कूटनीतिक नियोगसँग समन्वय र सहकार्य गरेर विदेशी पूँजी नेपाल भित्र्याउने कार्यमा पनि सक्रिय हुन आह्वान गरे ।

प्रधानमन्त्री देउवाले आगामी आर्थिक वर्षको बजेटमा नेपाल सरकारले विदेशी लगानीको न्यूनतम सीमा रु पाँच करोडबाट घटाएर रु दुई करोड कायम गरेको, त्यस्तै रु १० करोडसम्मको वैदेशिक लगानीको स्वीकृति स्वचालित प्रणालीबाट हुने व्यवस्था मिलाउने कुरा उल्लेख गरेको बताए । वैदेशिक रोजगारमा रहेका श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमार्फत योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा आबद्ध गर्ने निर्णय भएको उनले बताए ।

प्रधानमन्त्री देउवाले सरकारले विदेशमा बसोबास गरिरहेका नेपालीहरूलाई नेपालका बैंकमा डलर खाता खोल्न सहज गरेको साथै गत जून १ देखि नेपाल राष्ट्र बैंकले ब्याज दिने गरी वैदेशिक रोजगार बचतपत्र निष्कासन गरेको बताए । उनले नेपालको अर्थतन्त्रलाई टेवा पुग्ने उद्देश्यले गरिएको यो व्यवस्थाबाट संसारभरि रहेका नेपालीहरूलाई डलर खाता खोलेर तथा बचतपत्र किनेर फाइदा उठाउन आग्रह गरे ।

कार्यक्रममा परराष्ट्रमन्त्री डा नारायण खड्काले गैरआवासीय नेपालीको लगानी प्रोत्साहन गर्न सरकारले 'विशेष आर्थिक क्षेत्र' स्थापना गर्ने योजना बनाइरहेको जानकारी दिए । उनले संविधानको भावनाअनुरूप गैरआवासीय नेपालीका लागि नेपाली नागरिकता प्रदान गर्न सरकार प्रतिबद्ध रहेको बताए । मन्त्री खड्काले अबको मुख्य लक्ष्य नेपालको आर्थिक विकास, पर्यटन प्रवर्द्धनका साथै विदेशी ज्ञान, सीप, पूँजी र प्रविधि भित्र्याउन गैरआवासीय नेपाली समुदायलाई आग्रह गरे । उनले नेपालमा जलविद्युत्, कृषि, पर्यटन, सञ्चारका साथै शिक्षा र स्वास्थ्यको क्षेत्रमा ठूलो लगानीको आवश्यकता रहेको भन्दै लगानी भित्र्याएर लाभ लिन पनि अनुरोध गरे ।

परराष्ट्रमन्त्री खड्काले वैदेशिक रोजगारबाट फर्केका नेपालीका लागि एउटा 'च्यालेन्ज फन्ड' स्थापना गरी सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने प्रतिबद्धता जनाए । सङ्घका कार्यकारी अध्यक्ष कुल आचार्यले गैरआवासीय नेपालीलाई नागरिकता दिने विषयमा प्रधानमन्त्री देउवाले दिएको आश्वासनबाट आफूहरू उत्साहित भएको बताए । साथै उनले गैरआवासीय नेपाली ऐन र नियमावलीमा पनि सामयिक परिमार्जन गर्न नेपाल सरकारलाई आग्रह गरे ।

सङ्घका अध्यक्ष डा बद्री केसीले नेपालको संविधानले व्यवस्था गरेको गैरआवासीय नेपालीलाई नागरिकता दिने विषय चाँडो टुङ्गोमा पुर्‍याउन आग्रह गरे । उनले गैरआवासीय नेपालीलाई नेपालमा डलर खाता खोल्न तथा साढे १२ प्रतिशत ब्याज पाउने वैदेशिक रोजगार बचतपत्र किनेर लाभान्वित हुन पनि अपील गरे ।

सेमिनारको अघिल्लो सत्रको लगानी प्रवर्द्धनसम्बन्धी छलफलमा बोल्दै परराष्ट्र मन्त्रालयका सचिव भरतराज पौड्यालले नेपालमा विदेशी लगानी भित्र्याउन, पूँजी र प्रविधिलाई आकर्षण गर्न सरकारले नीतिगत सुधारका काम गरिरहेको उल्लेख गर्दै कृषि, ऊर्जा, पर्यटन, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा लगानी भित्र्याउन गैरआवासीय नेपालीलाई आग्रह गरे ।

नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर लिलिमा ढुङ्गाना तिम्सिनाले विदेशी लगानी भित्र्याउन राष्ट्र बैंकले सकारात्मक प्रयास गर्दै आएको उल्लेख गरिन् । नेपाल उद्योग वाणिज्य महासङ्का वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले बढीभन्दा बढी विदेशी लगानी भित्र्याउन समन्वयकारी भूमिका निर्वाह गर्न गैरआवासीय नेपाली समुदायलाई आग्रह गरे ।

### खेतमा हाल्ने मल......

खेतमा पानी भरिएपछि किसान रोपाइँमा लागेका हुन् ।

सूर्यविनायक नगरपालिका-८ नंखेलका किसान सम्पूर्ण थापाले खेतमा काम गर्ने ज्यामी नपाइँदा समस्या परेको बताए । उनले भने, "खेतमा हाल्ने मल छैन, काम गर्ने जनशक्ति छैन, यस्तो अवस्थामा पनि धान रोप्नै पर्‍यो, मल नपाए यस वर्ष उत्पादन घट्छ ।"

समयमैं पानी परेकाले रासायनिक मल पाइए यस वर्ष धानको उत्पादन बढ्ने आशामा बसेका किसान मल नभए धानको उत्पादन आधा घट्नेमा चिन्ता व्यक्त गर्छन् । खेतमा काम गर्ने रोपाहार र लाठे नपाउँदा कतिपय किसान घरमा भएकै जनशक्तिले धान रोपाइँमा जुटेका छन् । रोपाइँमा लाग्ने जनशक्ति नहुँदा खेतमा भरिएको पानी सुक्ला भन्ने डर र चिन्ताले किसानलाई सताएको छ ।

धान रोप्न र हिलो सम्याउन आवश्यक प्रविधि भित्र्याउन सके जनशक्ति नहुँदा पनि धान उत्पादन बढाउन सक्ने बताउँछन्, कृषि प्राविधिक हरिकृष्ण नेपाल । उनले पछिल्लो समय खेतमा काम गर्ने जनशक्ति नहुँदा किसानलाई समस्या परेको भन्दै सरकारले धान रोप्न र हिलो सम्याउने प्रविधि सहुलियतमा ल्याउन सके किसानलई सहज हुने र समयमैं धान रोप्न सहज हुने बताए ।

विगतका वर्षमा जस्तै पानी ढिला पर्ला भनेर ढिला धानको बीउ राख्ने किसानले पनि छोटो बीउ नै रोप्न थालेका छन् । भक्तपुरको व्यासीमा धान रोपाइँ गर्दै गरेका किसान धनकुमार श्रेष्ठले सिंचाइ नहुँदा खेतमा भरिएको पानी सुक्ला भनेर छोटो बीउ रोपेको बताए ।

किसानले यस वर्ष धान रोपाइँ छिटो भएकामा खुशी लागे पनि मल नपाउँदा दुःख लागेको भन्दै सरकारलाई जतिसक्दो छिटो मल उपलब्ध गराइदिन किसानले माग गरेका छन् ।

### स्थानीय निर्वाचनमा....

उम्मेदवार र १० जना विजयी भएका थिए ।

स्थानीय तहमा निर्वाचित वा पराजित भएपछि मधेस प्रदेश कमिटीका सचिव भोला पासवान, महोत्तरी शाखाका अध्यक्ष कमलेश मण्डल, भक्तपुर शाखाका अध्यक्ष प्रजापति, म्याग्दी शाखाका पूर्वअध्यक्ष सल्लाहकार सुरत केसी, प्यूठान शाखाका पूर्वअध्यक्ष महावीर रानालगायतलाई महासङ्घको जिम्मेवारीबाट मुक्त गराइएको छ ।

निर्वाचनमा उम्मेदवार र विजयी भएका सदस्यलाई नेपाल पत्रकार महासङ्घको विधान, २०६० (पाँचौं संशोधन, २०७५) को दफा ३२ को अनुशासन र कारबाही एवं दफा ३३ को आचारसंहितसम्बन्धी व्यवस्थाबमोजिम कारबाही प्रक्रिया अघि बढाइएको हो । महासङ्घका अध्यक्ष विपुल पोखरेलको अध्यक्षतामा गत वैशाख ८ गते भएको केन्द्रीय समितिको पाँचौं पूर्ण बैठक (भर्चुअल) ले निर्वाचनमा उम्मेदवार बन्न चाहने सदस्यले महासङ्घको गरिमा, साख र साझा चरित्रको ख्याल गर्दै सदस्यता परित्याग गरेर उम्मेदवारी दिन आग्रह गर्न गरेको निर्णय वैशाख १२ गते विज्ञप्ति जारी गरी सार्वजनिक भएको थियो । विधानको दफा ७ को सदस्यता समाप्तिमा दफा ३२ को घ बमोजिम विधान प्रतिकूल कार्य गरेको भन्ने ठहर भएमा भन्ने व्यवस्था पनि गरेको छ ।

निर्वाचनमा स्वतन्त्र र तटस्थ भूमिका निर्वाह गर्न तथा पत्रकार आचारसंहिताको पालना गर्न सदस्यलाई आग्रह गर्दै आएको महासङ्घको गत जेठ १५ गते काठमाडौंमा उपलब्ध पदाधिकारी र सदस्यको बैठकले महासङ्घमा सदस्य रहेर उम्मेदवारी दिएका तथा विजयी भएकालाई जिम्मेवारी र सदस्यताबाट हटाउने प्रक्रियाका सम्बन्धमा निर्णय गरेको थियो ।

# वीरगंजमा विपद् व्यस्थापनसम्बन्धी प्रदर्शन तथा जनचेतनामूलक कार्यक्रम



विपद् व्यवस्थापनसम्बन्धी प्रदर्शन तथा जनचेतनामूलक कार्यक्रमको दृश्य । तस्वीरः प्रतीक

प्रस, वीरगंज, २ जेठ/

वीरगंजमा विपद् व्यवस्थापनसम्बन्धी प्रदर्शन तथा जनचेतनामूलक कार्यक्रम आयोजना गरिएको छ ।

जिल्ला विपद् व्यवस्थापन समिति, पर्साको आयोजनामा वीरगंजको आदर्शनगरस्थित पुरानो बसपार्क तथा घडीअर्वा पोखरीमा विभिन्न प्राकृतिक प्रकोपमा गरिने उद्धार कार्य तथा अपनाउनुपर्ने सतर्कताबारे प्रदर्शनी तथा जनचेतना कार्यक्रम गरिएको पर्साका प्रमुख जिल्ला अधिकारी उमेशप्रसाद ढकालले बताए ।

गर्मी तथा वर्षायाम शुरू भइसकोले स्थानीयलाई सचेत पार्न जिल्लास्थित सुरक्षा निकायको उद्धार टोली तथा सरकोकारवालाहरूको संयुक्त प्रयासमा यो कार्यक्रम गरिएको हो ।

प्राकृतिक प्रकोप भूकम्प तथा विभिन्न घटनामा घाइतेहरूलाई कसरी उद्धार गरी प्राथमिक उपचार गरी अस्पताल पुऱ्याउने, आगलागी नियन्त्रणका उपाय तथा सतर्कता, बाढी तथा डुबानको समयमा अपनाउनुपर्ने सतर्कता एवं उद्धार टोलीले आफू सुरक्षित रही कसरी उद्धार गरी धनजनको जोगाउनेबारेमा प्रदर्शनी कार्यक्रम गरिएको थियो ।

घाइतेहरूको उद्धार तथा आगलागी नियन्त्रणको प्रदर्शन पुरानो बसपार्कमा भएको थियो भने बाढी र डुबानको प्रदर्शन कार्यक्रम घडीअर्वा पोखरीमा भएको थियो ।

जिल्ला विपद् व्यवस्थापन समिति, पर्साका संयोजक पर्साका प्रजिअ ढकालको अध्यक्षतामा भएको कार्यक्रममा वीरगंज महानगरका उपप्रमुख इम्तियाज आलम, श्रीजङ्ग गण वीरगंजका गणपति प्रमुख सेनानी डायमन्ड कार्की, पर्साका प्रउ रमेश बस्नेत, सशस्त्र प्रउ तेजप्रकाश पोखरेललगायत सुरक्षा निकायका अधिकृत तथा सामाजिक सङ्घसंस्थाका प्रतिनिधिहरूको सहभागिता थियो ।

## भवानीपुरमा दुई पक्षबीच विवाद हुँदा कुटाकुट

प्रस, वीरगंज, २ असार/

वीरगंज महानगरपालिका–१८ भवानीपुरमा मङ्गलवार राति दुई पक्षबीच विवाद हुँदा एकजनाको हात भाँचिएको वडा प्रहरी कार्यालय, श्रीपुरले जनाएको छ । कुटपिट गरेको अरोपमा प्रहरीले स्थानीय सरोज पासवान तथा सन्तोष पासवानलाई पक्राउ गरेको जनाइएको छ ।

छिमेकीको कुटाइबाट भवानीपुर निवासी बिसुनदेव पासवानको बायाँ हात भाँचिएको र उनको उपचार नारायणी अस्पतालमा भइरहेको घाइतेका छोरा सुनील पासवानले जानकारी दिए । छिमेकी शिवधर पासवान, अशोक पासवान, मनोज पासवान, रामबहादुर पासवान, सन्तोष पासवान, सरोज पासवान, सतीश पासवान मिली बिसुनदेवलाई कुटपिट गरेको प्रहरीले जनाएको छ ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

**योग्यतामा आधारित छनोट प्रणालीको सम्मान गरौं**

'योग्यता, स्वच्छता, निष्पक्षता -लोक सेवा आयोगको प्रतिबद्धता'

- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं ।
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण निर्माण गरौं ।
- निर्भीक एवं निष्पक्ष रूपमा राष्ट्रको सेवा गर्ने अवसर प्रयोग गरौं र गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# पर्साको एक सरकारी विद्यालय, जहाँ भौतिक पूर्वाधारको कमी छ

प्रस, परवानीपुर, २ असार/

सरकारी विद्यालय भन्ने बित्तिकै पढाइ हुँदैन, बच्चा कम हुन्छन् भनेर सोचिन्छ । तर पर्साको ग्रामीण भेगका एउटा कक्षामा करीब सवा सयदेखि डेढ सय विद्यार्थी रहेको प्रअ रामले बताए । दुई सिफ्टमा सञ्चालन गर्दा समेत एउटा कोठामा ६० भन्दा बढी विद्यार्थी





अजिज मियाँ मावि, धोबिनीमा अध्ययनरत बालबालिका तथा भवन निर्माणका लागि गरिएको शिलान्यास । तस्वीरः प्रतीक

विद्यालयमा विद्यार्थी सङ्ख्या यति धेरै छ कि भौतिक पूर्वाधारको नै अभाव भएको छ। धोबिनी गापा–५ स्थित अजिज मियाँ मावि, धोबिनीमा यस्तो अवस्था देखिएको हो ।

बालविकासदेखि कक्षा १२ सम्म रहेको यो विद्यालयले नमूना विद्यालयको रूपमा पहिचान हासिल गर्न थालेको छ । पहिले ८ कट्ठा क्षेत्रफलमा रहेको सो विद्यालयलाई गाउँकै फजिल अहमदको दाता परिवारले थप ५ कट्ठा जग्गा दान गर्दा कुल १३ कट्ठा जग्गा पुगेको छ । तीनवटा भवनमा कुल ११ वटा कोठा मात्र छन् ।

जसमध्ये सातवटा कोठा मात्रै राम्रो रहेको विद्यालयका प्रधानाध्यापक जीतेन्द्र रामले जानकारी गराए। उनका अनुसार कार्यालय सहयोगीसहित १५ जना शिक्षक, कर्मचारी रहेको उक्त विद्यालयमा हाल एक हजार ५५० विद्यार्थी रहेको बताइएको छ ।

विद्यालयमा विद्यार्थी सङ्ख्या बढ्दै जाँदा दुई सिफ्टमा अर्थात् बिहान र दिउँसो विद्यालय चलाउनुपरेको छ । बसाउनुपरेको प्रअ रामले बताए ।

पर्याप्त कक्षा कोठा तथा फर्निचरको अभावले पठनपाठनमा समस्या भइरहेको उनले बताए । कक्षा कोठाको लागि थप १० कोठे भवनको शिलान्यास गरिएको छ ।

मधेस प्रदेश सरकारले चालू आवको समपूरक अनुदानबाट ३० लाख, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट ३६ लाख गरी कुल ६६ लाख रुपैयाँको लागतमा १० कोठे भवन निर्माणको लागि वडा नं ५ का अध्यक्ष मनवर अहमदले शिलान्यास गरेका थिए ।

वडाध्यक्ष अहमदको विद्यालयप्रतिको लगनशीलताका कारण विद्यालयको शैक्षिक वातावरण राम्रो बन्दै गएको गाउँलेहरूले बताएका छन् । उनले नियमितरूपमा विद्यालयको अनुगमन, कमीकमजोरी तथा समस्यालाई समाधान गर्न स्थानीयस्तरबाट सहयोग गर्दै आएका छन्। अनुदानबाट शिक्षकको व्यवस्थापन मिलाउँदै आएका छन् । वडाध्यक्ष अहमदले सरोकारवाला निकायसँग फर्निचर सहयोग गर्न अपील गरेका छन्।

## चुरे दिवसमा वृक्षारोपण

प्रस, निजगढ, २ जेठ/

८औं चुरे दिवसको अवसरमा बिहीवार दुई हजार २५ वटा बाँसका बिरुवा रोपिएको छ । जीतपुर–सिमरा उपमहानगरपालिका–२२ को चुरे आसपासका खाली नदी उकास वन क्षेत्रका दुई स्थानमा वृक्षारोपण गरिएको हो ।

स्थानीय चुरे खोला महिला समूहमार्फत एक हजार ३५० र मूल खोला संरक्षण उपभोक्ता समूहमार्फत ६७५ वटा बिरुवा गरी कुल दुई हजार २५ वटा बाँसका बिरुवा रोपिएको राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समितिका प्राविधिक अनिलकुमार सिन्हाले जानकारी दिए ।

वृक्षारोपण कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिका–२२ का अध्यक्ष शेखरकाजी रूम्बा, वडा सदस्य सीताराम वाईवा, वडासदस्य निशा विक, उपभोक्ता समूहका भगवती ठकुरी, अध्यक्ष हरिबहादुर लामालगायतको सहभागिता थियो । चुरे दिवसको अवसरमा देशभर एक लाख विभिन्न



प्रजातिका बिरुवा रोपण गर्ने योजना रहेको राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समितिले जनाएको छ ।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |